यस मिथिला नगरपालिकाका नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा मिति २०८२।०८।१७ गते बुधवार दिनको १:०० बजे नगरपालिकाको सभा हलमा तपसिल वमोजिमका प्रस्तावहरुमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बसियो।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदान | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री वेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री हरि शंकर यादव | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**मिति २०८२।०८।१७**

**बैठकका प्रस्तावहरु:**

प्रस्ताव नं.१) साक्षरता अभियान सम्बन्धमा ।

प्रस्ताव नं.२) कृषि अनुदान कार्यविधि लगायतका अन्य कानुन कार्यविधि तर्जुमा सम्बन्धमा ।

प्रस्ताव नं.३) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं.४) विविध ।

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको निर्णयहरु

**मिति २०८२।०८।१[illegible]**

**बैठकका निर्णयहरुः**

निर्णय नं.१) प्रस्ताव नं १ मा छलफल गर्दा मिथिला नगरपालिकालाई साक्षरता अभियान संचालनको लागि देहाय अनुसार निर्णयहरु पारित गरियो।

**देहायः**

१. सामुदायिक सिकाई केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८२ स्वीकृत गर्ने ।

२. धनुषा जिल्लाको पहिलो साक्षर नगरपालिका मिति २०८२ चैत्र मसान्त भित्र घोषणा गर्ने गरी कार्यक्रम संचालन गर्ने ।

३. प्रत्येक वडामा सामुदायिक सिकाई केन्द्र स्थापना तथा संचालन गर्ने ।

निर्णय नं.२) प्रस्ताव नं २ मा छलफल गर्दा कृषि अनुदान कार्यविधि, राजस्व सुधार योजना लगायतका अन्य कानुन कार्यविधि तर्जुमा गर्नका लागि कार्यालयलाई सहमति दिने तथा आगामी नगर कार्यपालिका बैठकमा मस्यौदा सहितको प्रतिवेदन पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं ३ मा छलफल गर्दा मिथिला नगरपालिकाको १५औं नगर सभाको अधिवेशनबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि देहाय अनुसार निर्णयहरु पारित गरियो

१. लागत/जनसहभागिता वापतको ५% (प्रतिशत) नगद रकम नगरपालिकाको धरौटी खातामा जम्मा गर्ने।

२. गत विगतकै आधारमा भौतिक पूर्वाधारका योजना तथा कार्यक्रमहरु संचालन गर्ने ।

निर्णय नं.४) प्रस्ताव नं ४ मा छलफल गर्दा विविध विषय पेश भएको सम्बन्धमा देहाय अनुसार निर्णय पारित गरियो।

**देहायः**

१. मिथिला नगरपालिकाको स्थानीय सेवा तह/स्तर वृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

२. मिथिला नगरपालिकाको नगर शिक्षा योजना (२०८१/२०८२-२०८५/०८६) स्वीकृत गर्ने ।

३. सामुदायिक विधालयको लेखा परिक्षणलाई निष्पक्ष, स्वतन्त्रत, र पारदर्शि वनाउन यस पालिकामा रजिष्टर्ड लेखा परिक्षक सूचिकृति गरी यस नगरपालिकाको अन्तरिक लेखा परिक्षकको संयोजनकत्वमा आवश्यक लेखा परिक्षणवाट सामुदायिक विधालयको विगत २ आर्थिक वर्षको लेखा परिक्षण गराउने ।

४. कर्मचारीहरुका दैनिक कार्य प्रगतिसहितको देहाय अनुसार हाजिरी फर्म गराउने व्यवस्था गर्ने।

<u>देहाय</u>

| सि.न | आएको | सम्पादित कार्य | गएको |
|---|---|---|---|
| १ | | | |

शाखा प्रमुख वाहेकको अन्य कर्मचारीहरुले आफुले पछिलो महिनामा सम्पादन गरेको मासिक प्रगति प्रतिवेदन प्रत्येक महिनाको २ गते भित्र शाखा प्रमुख/वडा सचिव समक्ष पेश गर्ने, शाखा प्रमुख/वडा सचिवहरु शाखा/वडा कार्यालयको मासिक प्रतिवेदन प्रत्येक महिनाको ४ गते भित्र कार्यालय प्रमुख/वडा अध्यक्ष समक्ष पेश गर्ने र कार्यालय प्रमुखले सम्पुर्ण शाखाबाट पेश भएको मासिक विवरण ७(सात) दिन भित्र नगर प्रमुख समक्ष पेश गर्ने साथै अनिवार्य रुपमा इलोक्ट्रोनिक हाजिरीमा हाजिर गराउने ।